# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

## National Association of Rural Municipalities in Nepal (NARMIN)

चलानी नं. ८९ | मिति: २०७७।०७।२५

**श्री अध्यक्षज्यू**
गाउँपालिकाहरु, सबै

**विषय: विवरण उपलब्ध गराइदिने सम्बन्धमा**

प्रस्तुत सन्दर्भमा गत आ.व. २०७६/७७ मा संघीय सरकारबाट स्थानीय सरकारमा प्राप्त समपुरक र विशेष अनुदानका आयोजनाहरु मध्ये ठेक्का सम्झौता भै काम भैरहेको तर कोभिड १९ को कारण ति आयोजना सम्पन्न नभै चालु आ.व.मा दायित्व सृजना भएका आयोजनाहरुको म्याद थप गर्ने वा श्रोतको सुनिश्चितता गरिदिन भनि गाउँपालिकाहरुले गरेको अनुरोध अनुसार यस महासंघले अर्थ मन्त्रालय र सम्बन्धित संघीय निकायहरुमा पहलकदमी लिएको थियो ।

विभिन्न चरणमा भएका छलफल तथा परामर्श पश्चात अर्थ मन्त्रालयले उपरोक्त कारणले यस आ.व.मा दायित्व सृजना भएका आयोजनाहरुको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालय मार्फत अर्थ मन्त्रालयमा पठाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७७।०५।०८ मा नै पत्र पठाइसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ । हालसम्म कोष तथा लेखा नियन्त्रण कार्यालयले संकलन गरी महालेखा नियन्त्रण कार्यालयमा पठएको विवरण हेर्दा तपसिलमा उल्लेखित १९ वटा जिल्लाको मात्र विवरण प्राप्त भएको देखिन्छ ।

तसर्थ तहाँ गाउँपालिकाहरुबाट विवरण नपठाइएको हो वा पठाएर पनि छुटेको हो सोको व्यहोरा सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयमार्फत यकिन गरी जतिसक्दो छिटो विवरण पठाउन आवश्यक समन्वय गर्न हुन सम्बन्धित सबै गाउँपालिकाहरुमा अनुरोध गर्दछौं ।

**हालसम्म विवरण प्राप्त भएका जिल्लाहरु**

| प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|
| धनकुटा | | दोलखा | तनहुँ | रुकुम पूर्व | सल्यान | डडेलधुरा |
| भोजपुर | | नुवाकोट | स्याङ्जा | बर्दिया | | डोटी |
| संखुवासभा | | भक्तपुर | मनाङ | पाल्पा | | बाजुरा |
| ओखलढुङ्गा | | | | | | दार्चुला |
| मोरङ | | | | | | |

(हस्ताक्षर)
**ज्ञानेन्द्रप्रसाद प्याकुरेल**
वरिष्ठ कार्यक्रम अधिकृत

**बोधार्थ**

**१. श्री महालेखा नियन्त्रकको कार्यालय, बबरमहल:**

पुन: एक पटक सबै कोष तथा लेखा नियन्त्रण कार्यालय मार्फत विवरण अद्यावधिक गरिदिनु हुन हार्दिक अनुरोध ।

श्री प्रमुख प्रशासकीय अधिकृत, लेखा, प्राविधिक
पत्रबाट व्यहोरा अवगत गरि
आ.का. गर्नु हुन ।
(हस्ताक्षर)